तुम्बेवा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मौवा, पाँचथर

कोशी प्रदेश, नेपाल

प.सं.: ०८३/ ०८४

च.नं.: ३३

मितिः २०८३/०४/१८

ने.सं.:११४६

## सूचि दर्ता तथा मौजुदा सूचीमा अद्यावधिक गर्ने सम्बन्धी सूचना।

प्रस्तुत विषयमा यस तुम्बेवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका लागि आ.व. २०८३/०८४ मा आवश्यकता भएको बखत मालसामान वा सेवा खरिद गर्नुपर्ने भएकाले सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६(क) तथा सार्वजनिक खरिद नियमावली, २०६४(संसोधन सहित) को नियम १८ बमोजिम निरन्तर सूचिकृत हुन सक्ने व्यवस्था भएकोले देहाय बमोजिमको मालसामान आपूर्ति तथा मर्मत, परामर्श तथा अन्य सेवा उपलब्ध गराउन इच्छुक इजाजत प्राप्त व्यक्ति, संस्था, फर्म, कम्पनी, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैरसरकारी संस्थाले तोकिएको ढाँचा(सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची- २(क) ) मा यस गाउँपालिकाको कार्यालयमा कार्यालय समयभित्र आवेदन दर्ता गराउन तथा यस भन्दा अगाडि सूचिकृत फर्म/ सप्लायर्सहरुले मौजुदा सूचीमा अद्यावधिक गर्न सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त निवेदन उपर छानबिन गरी सूचिकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ। एकभन्दा बढी शीर्षकमा सूची दर्ता गर्नुपरेमा छुट्टाछुट्टै निवेदन पेश गर्नुपर्नेछ। साथै रित नपुगी प्राप्त हुने निवेदन उपर कुनै कारवाही हुने छैन।

तपसिलः

**खरिद/ आपूर्ति तथा मर्मत सम्बन्धी**

१. स्टेशनरी, मसलन्द, पत्रपत्रिका र कार्यालय सम्बन्धी अन्य सामान आपूर्ति सम्बन्धी।

२. छपाई तथा मर्मत सम्बन्धी।

३. मेशिनरी औजार (कम्प्युटर, ल्याप्टप, प्रिन्टर, फोटोकपी मेसिन, स्क्यानर, मोबाइल, मोडेल एवम् अन्य इलेक्ट्रोनिक्स तथा इलेक्ट्रिकल सामान ) आपूर्ति तथा मर्मत सम्बन्धी।

४. फर्निचर तथा फर्निसिङ सामानको आपूर्ति तथा मर्मत सम्बन्धी।

५. सवारी साधन ( दुई पाङ्ग्रे , चार पाङ्ग्रे ) आपूर्ति, पाटपुर्जा तथा मर्मत सम्बन्धी।

६. सार्वजनिक निर्माण तथा मर्मत ( धारा, बिजुली, शौचालय समेत ) तथा रंगरोगन सम्बन्धी।

७. सोलार जडान, आपूर्ति तथा सोको मर्मत सम्बन्धी।

८. कृषिजन्य बोटबिरुवा, बिषादी, मल औषधी सम्बन्धी।

९. पशुजन्य जनावर, पंक्षी, औषधी सम्बन्धी।

१०. स्थानीय सञ्चार माध्यम मार्फत सूचना तथा सन्देश प्रसारण सम्बन्धी।

११. इन्टरनेट सेवा, वेबसाइट तथा नेटवर्किङ सम्बन्धी सेवा आपूर्ति सम्बन्धी।

**परामर्श तथा अन्य सेवा तर्फः**

१. सफ्टवेयर निर्माण/ इमेल/ इन्टरनेट/ एसएमएस आपूर्ति सम्बन्धी।

२. DPR, Master Plan (भवन, सडक लगायत अन्य)।

३. तालिम, सीप विकास तथा गोष्ठी, सेमिनार सञ्चालन गर्ने।

४. विज्ञहरुको परामर्श सेवा(प्रोफाइल) , गुरुयोजना सम्बन्धी।

५. गैर सरकारी संस्था र परामर्श सेवा प्रदायक संस्थाहरु।

**आवश्यक कागजातहरुः**

१. नविकरण सहितको संस्था वा फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि।

२. स्थायी लेखा नम्बर(PAN) वा मूल्य अभिवृद्धि कर (VAT) दर्ताको प्रमाणपत्रको प्रतिलिपि।

३. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

४. आवश्यकता अनुसार व्यवसायिक इजाजत पत्र।

पुनश्चः सूची दर्ता गराउन तथा मौजुदा सूचीमा अद्यावधिक गराउने प्रयोजनका लागि प्रत्येक फर्म/ सप्लायर्सहरुले गाउँपालिकामा रु.५००(अक्षरेपी पाँच सय रुपैँया मात्र) दस्तुर बुझाउनु पर्नेछ।

कुल प्रसाद पराजुली

प्रमुख प्रशासकीय अधिकृत